# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा २०६६ फागुन २६ गते
एकजना बालिका र दुईजना महिलाहरुलाई
नेपाली सेनाको ज्वालादल गणबाट खटिएको
गस्ती टोलीद्वारा मारिएको घटनाको

## संक्षिप्त अनुसन्धान प्रतिवेदन

मिति २०६६/१२/१९

## १. पृष्ठभूमि

नेपाली सेनाको ज्वालादल गण ठाकुरद्वाराबाट बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिई गएको गस्ती टोलीले चलाएको गोली लागी मिति २०६६/११/२६ गते अन्दाजी राती ८.३० बजे सुर्खेत जिल्ला हरिहरपुर गाविस वडा नं.२ कप्सेरा गाउँ निवासी देवीसरा विक, अमृता विक र बालिका चन्द्रकला विक समेत ३ जना महिलाको बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी इलाकामा मृत्यू भएको घटनाको सम्वन्धमा विभिन्न सञ्चार माध्यमहरुमा समाचारहरु प्रकाशित भएका थिए । सो घटनाको गम्भीरताको आधारमा आयोगको स्वविवेकमा क्षेत्रीय कार्यालय नेपालगञ्जबाट खटिएको टोलीले मिति २०६६/११/२८ गतेदेखि २०६६/१२/६ सम्म अनुसन्धान गरेको छ । आयोगको टोलीले अनुसन्धानको सिलसिलामा घटनास्थलको स्थलगत अवलोकन, बर्दिया राष्टिय निकुञ्जका कर्मचारीहरु, गस्ती टोलीमा संलग्न व्यक्तिहरु, नेपाली सेना ज्वालादल गण ठाकुरद्वाराका प्रमुख लगायत गणका उच्च अधिकारीहरु, घटनाका प्रत्यक्षदर्शी एवं मृतकहरुका आफन्तहरू, सुर्खेत जिल्लाको हरिहरपुरका स्थानियबासी, जिल्ला अस्पताल बर्दियाका चिकित्सक लगायतका व्यक्तिहरुसंग घटनाको बारेमा बुझ्ने कार्य गरेको थियो । आयोगको टोलीले घटनास्थल र लाशजाँच मुचुल्का तयार गर्ने प्रहरी कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, लगायत घटनासँग सरोकार राख्ने व्यक्तिहरूबाट समेत घटनाको तथ्य संकलन एवं तथ्यहरुको विश्वसनियता जाँच गर्ने कार्य गरेको छ । आयोगद्वारा काठमाण्डौबाट पठाइएका त्रि.वि.वि. शिक्षण अस्पतालका फरेन्सीक विशेषज्ञबाट मृतकहरुको शवको थप अवलोकन तथा पोष्टमोर्टम गरिएको छ ।

अनुसन्धानको क्रममा बर्दिया जिल्ला अस्पतालका चिकित्सकद्वारा गरिएको पोष्टमोर्टम प्रतिवेदन, फरेन्सिक विशेषज्ञद्वारा गरिएको थप पोष्टमोर्टमको प्रतिवेदन एवं प्रहरीद्वारा गरिएको घटनास्थल एवं लाश जाँच मुचुल्का समेतको अध्ययन गरिएको छ । यसक्रममा आयोगबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, गृह मन्त्रालय, नेपाली सेना, जिल्ला प्रशासन कार्यालय बर्दिया, जिल्ला प्रहरी कार्यालय बर्दिया, बर्दिया राष्ट्रिय निकुञ्ज समेतमा पत्राचार गरी घटनाको सम्बन्धमा जानकारी माग गरिएको थियो ।

## २. घटनास्थलको विवरण

पूर्वपश्चिम लोकमार्गको आम्वासा अम्रेनीदेखि झन्डै ३०-३५ किलोमिटर उत्तरपूर्व सुर्खेत जिल्लाको हरिहरपुर गाविसको सिमानामा रहेको वर्दिया जिल्लाको नेउलापुर गाविस अन्तरगंत बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रको वाँसपानी भन्ने स्थानमा घटना भएको पाईयो । घटनास्थलमा एउटा टहरा, सो टहरा भित्र एक चुल्हो, टहरा माथि अमृसोका कुच्चाहरु, नाङला बनाउन काममा आउने बाँसको चोयाका ५ वटा मुठाहरु, प्लाष्टिकका ७ वटा बोरीहरु, प्लाष्टिकका चप्पलहरु ३ वटा, कलेजी रङको सल १ वटा, गुलावी रङका सुरुवाल-१, सुरुवालमा दिसा रहेको, निलो पटुका-१, पटुकामा रगत लागेको, पटुकामा बाँधिएको थैलीमा रु ५ को नोट, तामाको पैसा, टाँक, धागो, जडीवुटी, राना प्याथोलोजी सुर्खेतमा देवीसरा बिकको स्वास्थ्य परीक्षण सम्वन्धी प्रतिवेदन, घटनास्थलको दक्षिण पश्चिममा अर्को चुल्हो, पुरानो छिँविरे रङको कम्वल, बोक्रा झिकेका रुखका हाँगाहरु, घटनास्थलको पश्चिमतर्फ माथिल्लो भागमा पानी खाने प्लाष्टिकको बोतलमा आधा पानी रहेको, गुलावी रङको सल थान १, गोल्डेन सुर्तीको खाली पाकेट, पूर्व दक्षिणतर्फ करिब १५/२० मीटर तल कालो रङको कुकुर गोली लागी मृत अवस्थामा रहेको थियो । त्यसको नजीक खानेपानीको मुल रहेको, घटनास्थल पश्चिम, उत्तर र दक्षिणतर्फ डाँडा तथा ठुला ढुङ्गाले घेरेको ओडार जस्तो भएको, पूर्वतर्फ खुल्ला रहेको अवस्थामा रहेको । घटनास्थल निकुञ्ज संरक्षित क्षेत्र भएता पनि सो को वरिपरि करीब १०० मीटरको दुरीभित्र गाइगोरुहरु चरीरहेका र सो स्थानबाट झण्डै आधा घण्टाको दुरीमा गाउँ रहेको पाईयो ।

### ३. अनुसन्धानबाट प्राप्त तथ्यहरु

१) सुर्खेत जिल्ला हरिहरपुर गाविस वडा नं.२, कप्सेरा निवासी कृष्णबहादुर बिक, दुर्गबहादुर बिक, वलदेव गिरी र भूपराज गिरी समेत ४ जना पुरुषहरु काउलोको रुखको बोक्रा काट्न भनि घटना हुनुभन्दा ४ दिन अगाडि (मिति २०६६/११/२२ गते) बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने वाँसपानी इलाकामा गएको र यस क्रममा निजहरुले उक्त स्थानमा पानीको मूल नजिक पर्ने स्थान छानेर अस्थायी टहरामा बसेको बुझियो ।

२) निजहरु मध्ये कृष्ण बहादुर विककी श्रीमति देवीसरा बिक र छोरी चन्द्रकला बिक तथा भाई बुहारी अमृता बिक, भूमिसरा गिरी समेत ४ जना पहिले आएका व्यक्तिहरुले काटेर राखेको काउलोको रुखको बोक्रा लिनको लागि भनी मिति २०६६/११/२६ गते घटना हुनुभन्दा २-३ घण्टा अघि मात्र घटनास्थलमा पुगेको बुझियो ।

३) मिति २०६६/११/२६ गते राती ८.०० बजे घटनास्थलको पश्चिम दक्षिणतर्फबाट नेपाली सेनाको ज्वाला दल गण ठाकुरद्वाराबाट खटिएको उपसेनानी सुबोध कुवँरको नेतृत्वमा १५ जनाको संख्यामा रहेका नेपाली सेना र बर्दिया राष्ट्रिय निकुञ्जका ४ जना गरी जम्मा १९ जनाको टोली घटनास्थलमा पुगेको बुझियो ।

४) सुरक्षाकर्मीहरुले टहरोमा रहेका मानिसहरुलाई भागीस भने मर्लास भनेको तर त्यसको लगतै एक्कासी गोली चलाएको बुझियो । त्यसबाट देवीसरा बिक, अमृता बिक र चन्द्रकला बिकलाई पछाडिबाट गोली लागेको, देवीसरा बिक र चन्द्रकला बिकको गोली लाग्नसाथ तत्काल मृत्यू भएको र अमृता बिकको गोली लागेको केही समयपछि मृत्यू भएको बुझियो । दुर्गाबहादुर बिक, बलदेव गिरी, भूमिसरा गिरी र भूपराज गिरी गोली चल्नासाथ घटनास्थलबाट भाग्न सफल भएको र मृतक देवीसरा बिकका श्रीमान तथा चन्द्रकला बिकका बाबु कृष्णबहादुर बिक घटनास्थलमा नै पक्राउमा परी निकुञ्जको हिरासतमा राखिएकोमा मिति २०६६/१२/४ मा निजलाई रिहा गरिएको पाईयो ।

५) घटनामा नेपाली सेनाको तर्फबाट १३ राउण्ड गोली चलाइएको भन्ने नेपाली सेना ज्वालादल गणको भनाई रहेको पाईयो ।

६) मृतकहरुको लाशको प्रकृति हेर्दा मृतक देवीसरा बिकलाई पछाडीबाट एक गोली लागी अत्याधिक रक्तश्रावका कारण मृत्यु हुन गएको, मृतक अमृता बिकलाई पछाडी ढाडबाट मुटुमा एक गोली लागी अत्याधिक रक्तश्रावका कारण मृत्यु हुन गएको र मृतक चन्द्रकला बिकको टाउकोको पछाडी भागमा गोली लागी दाहिने आँखाबाट निस्केको र बाँया हातको कुहिनोको जोर्नीमा गोली लागेकोमा अत्याधिक रक्तश्रावका कारण मृत्यु हुन गएको भन्ने पोष्टमोर्टम रिर्पोट समेतको अध्ययनबाट स्पष्ट हुन आएको छ ।

७) सो घटनाका बारेमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६६/११/२८ गते जारी प्रेस विज्ञप्तीमा बासपानी ईलाकामा मिति २०६६/११/२६ गते ठाकुरद्वाराबाट खटिई गएको बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय र निकुञ्ज सुरक्षार्थ तैनाथ श्री ज्वालादल गण ठाकुरद्वारा ब्यारेकको संयुक्त टोलीले गस्ती गर्दै जाँदा अपरान्ह करिब ५ बजेको समयमा पुरनपुर खोलामा बन्दुक फायर भएको र साँझ करिब ६:३० बजेको समयमा बसाहा क्षेत्रमा फायर भएकोले निकुञ्ज भित्र बन्यजन्तुको चोरी सिकारी नियन्त्रणको लागी चोरीसिकारीको खोजतलास र निगरानी गर्दै जाँदा साँझ करिब ८.०० बजेको समयमा बाँसपानी क्षेत्रमा ५/६ जना हतियारसहित देखापरेकाले निजहरुलाई हतियार फाल्ने चेतावनी दिदा उल्टै गस्ती टोलीले आत्मरक्षाको लागि बाध्य भई गोली चलाउँदा केही मानिसहरु रोईकराई गरेको र केही मानिस भागेकोले तत्काल फायर स्थगीत गरी घटनास्थल जाने क्रममा सिकारीहरुले ल्याएको सिकारी

कुकुरले गस्ती टोलीलाई आक्रमण गर्न आएकोले सो कुकुर समेत मारी घटनास्थल गई हेर्दा दुई जना महिलाको दु:खद मृत्यु भएको एक जना महिला घाइते अवस्थामा फेला पारेकाले तत्काल प्राथमिक उपचार गर्ने क्रममा निजको पनि मृत्यु भएको साथै सोही स्थानमा एक जना पुरुष फेला पारी नियन्त्रणमा लिएको, सो स्थानमा तीन थान भरुवा बन्दूक, केही गोली, बारुद लगायतका बन्दोबस्ती सामान फेला परेको समेत व्यहोरा उल्लेख भएकोमा ती भरुवा बन्दुक र गोली बारुद मृतकहरुबाटै बरामद भएका हुन् भन्ने कुनै सबुत प्रमाणबाट पुष्टी हुन सकेन । मृतकहरु वा भाग्न सफल भएका व्यक्तिहरुले गोली चलाएको भन्ने समेत पुष्टी हुन सकेन ।

८) अनुसन्धानको क्रममा तत्काल घटनास्थलमा पुग्ने प्रत्यक्षदर्शीबाट समेत घटनस्थलमा बन्दूक नदेखेको भन्ने भनाई रहेको पाईयो ।

९) हालसम्मको अध्ययनबाट उक्त घटनामा परेका महिलाहरुमाथि बलात्कार भएको भन्ने सम्बन्धमा विश्वासनीय प्रमाण फेला नपरेको र भेजीनल स्वावको नमुना परीक्षणको लागि प्रयोगशालामा पठाइएको बुझिएकोमा त्यसको प्रतिवेदन हालसम्म उपलब्ध हुन सकेको छैन ।

१०) आयोगको अनुसन्धान टोलीले घटनास्थलको अवलोकन गर्दा घटनास्थलमा केही काउलोका बोक्राहरु संकलन गरेको पाइयो ।

११) बर्दिया राष्ट्रिय निकुञ्जबाट घटनास्थलको स्थितिबारे सँकलन गरि आयोगलाई प्राप्त भएका फोटो तस्वीरहरुमा ३ वटा बन्दुकहरु यत्रतत्र फरक फरक स्थानमा फरक फरक अवस्थामा छरिएर रहेको अवस्थामा रहेको, खुकुरी समेत रहेको, लाशहरु घटनास्थलमा अस्वभाविक रुपमा मिलाएर राखिएको देखिनु र जिल्ला प्रहरी कार्यालय बर्दियाबाट प्राप्त बरामदी भएका भनिएका सामाग्रीहरु आयोगलाई देखाउँदा खुकुरी नपाइएको, प्रहरीले खिचिएको फोटोमा बन्दुकहरु एकै स्थानमा अस्वभाविक रुपमा राखिएको अवस्थामा रहेको पाइयो ।

१२) अम्रेनीदेखि बाँसपानीसम्म झण्डै ७ घण्टाको पैदल अनुगमनको क्रममा चोरी सिकारीहरु बस्ने टहरा खाना पकाउने चुल्हा तथा मासु सुकाउने भाँटाको टाँडहरु ४/५ स्थानमा रहेको तथ्यहरु पाईयो ।

१३) पक्राउ परेका कृष्ण बहादुर बिक चोरी सिकारी र हातहतियार सम्बन्धी मुद्दामा संलग्न नरहेको सर्वसाधारण व्यक्ति रहेको भनी जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमूख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमूख, बर्दिया राष्ट्रिय निकुञ्जका प्रमूख, राष्ट्रिय दलित आयोगका सदस्य तथा विभिन्न राजनीतिक दल र नागरिक समाजका प्रतिनीधिहरु समेतको उपस्थितिमा मिति २०६६/१२/४ मा भएको सहमतीको कागजमा उल्लेख भएको पाईयो ।

१४) मृतकहरु दलित समुदायका व्यक्तिहरु रहेका आर्थिक अवस्था निकै कमजोर रहेको, न्यून आयश्रोत भएको, जग्गा जमिन ५ कठ्ठा जति रहेको, उब्जनीबाट बर्षभरी खान नपुग्ने, कृष्णबहादुर बिकले फलामका आँसी कोदाला बनाउने काम गर्दै आएका, जीविकोपार्जनको लागि प्राय:जसो सो क्षेत्रमा गई काउलोको रुखको बोक्राहरु काट्दै सो विक्री गरि त्यसबाट आएको रकमले घरखर्च चलाउँदै आएको बुझियो ।

१५) प्रहरीले घटनास्थलमा गई अनुसन्धान गर्नुपूर्व नै मृतक व्यक्तिहरुको शव मिलाएर राख्ने, प्रमाणहरु हेरफेर गर्ने लगायतका कार्यहरु गस्तिटोलीद्वारा गरिएको बुझियो ।

## ४. विश्लेषण तथा निष्कर्ष

अनुसन्धानको क्रममा बुझिएका प्रत्यक्षदर्शीहरुको भनाई, मृतकका गाउँका बासिन्दाहरुको भनाई एवं जिल्ला प्रशासन कार्यालय बर्दियामा मिति २०६६/१२/४ मा भएको सहमतीको कागज समेत प्राप्त तथ्य प्रमाणहरुको अध्ययनबाट घटनामा मारिएका देवीसरा बिक, अमृता बिक र चन्द्रकला बिक समेतका व्यक्तिहरु काउलोको बोक्रा संकलन गर्ने क्रममा बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा गएको देखिन्छ । निजहरु हातहतियार सहित चोरी सिकारी कार्यमा संलग्न रहेको भन्ने कुनै आधार देखिएन । सोही दिन नेपाली सेनाको ज्वाला दल गण ठाकुरद्धाराबाट उपसेनानी सुवोध कुवँरको नेतृत्वमा १५ जनाको सँख्यामा रहेका सुक्षाकर्मीहरु र बर्दिया राष्ट्रिय निकुञ्जका ४ जना गरी जम्मा १९ जनाको टोली राती करीब ८.०० बजेको समयमा पशिचम दक्षिणतर्फबाट घटनास्थलमा पुगेको देखिन्छ । बर्दिया राष्टिय निकुञ्जका कर्मचारीहरु माथितिरको पहाडतर्फ गएको र नेपाली सेनाको टोलीबाट गोली चलाउँदा एक जना बालीका र दुई जना महिलाहरुको मृत्यू हुन गएको देखिन्छ । घटनास्थलको अवलोकन, घटनाका प्रत्यक्षदर्शी एवं पीडितहरुको अवस्था, पोष्टमोर्टम रिर्पोट र मृतकहरुको शवको अवलोकन गर्दा घटनामा मारिएका, पक्राउ परेका तथा भाग्न सफल भएका व्यक्तिहरुबाट गोली चलाइएको भन्ने तथ्यको पुष्टी हुन सकेन । पोष्टमोर्टम प्रतिबेदन, घटनासँग सम्वन्धित फोटोहरु एवं मृतकहरुको शवको अवलोकन गर्दा सबै मृतकहरुलाई पछाडिबाट गोली लागेको देखिन्छ । सो तथ्यले पनि दोहोरो गोली हानाहान भएको तथ्य पुष्टी भएन ।

उपरोक्त तथ्य प्रमाणहरुको अध्ययन तथा घटनास्थल तीन दिशातर्फबाट पहाडले घेरिएको अवस्थामा रहेको पाईएकोले नेपाली सेनाको गस्ती टोलीले घटनामा निज मृतकहरुलाई नियन्त्रणमा लिन सकिने पर्याप्त अवस्था रहँदा रहँदै त्यसतर्फ कुनै प्रयास नै नगरी गोली चलाउनु भन्दा पहिले अवलम्वन गरिनुपर्ने प्रकृयाको पालना समेत नगरेको देखिन्छ । अत्याधिक बल प्रयोग गरी बालिका सहित तीन जनालाई मारिएको देखिन्छ । प्रत्यक्षदर्शी तथा बुझिएका प्रमाणहरुको आधारमा घटनाभन्दा पहिले सुरक्षाकर्मीहरुले मृतकहरुलाई नियन्त्रणमा लिई हत्या गरेको पाइएन । पोष्टमोर्टम रिपोर्ट समेतको अध्ययनबाट मृतकहरुलाई टाढाबाट गोली लागेको देखिन्छ । घटनापछि घटनास्थललाई दुरुस्त राखी प्रहरीद्वारा मुचुल्का समेत गरी प्रमाण संकलन गर्नु पर्नेमा प्रहरीले सो कार्य गर्नु भन्दा पहिले नै सेनाले शवहरुलाई मिलाउने लगायतका कार्य गरेको पाइएकोले घटना सम्बन्धी प्रमाणहरु नष्ट गरी घटनालाई प्रतिरक्षाको लागी गोली चलाएको भन्ने भुठा विवरण सार्वजनिक गरेको देखिन्छ ।

घटनामा महिलाहरुलाई बलात्कार भएको भन्ने तथ्यलाई पुष्टी गर्ने प्रमाण पाइएन ।

घटनामा सुरक्षाकर्मीले राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु सरक्षण ऐन, २०२९ को दफा २३ र २४ मा भएको कानुनी प्रावधान अनुरुप तोकिए बमोजिमको प्रक्रिया अवलम्वन नगरिएको र अत्याधिक बल प्रयोग गरेको देखिन आएको छ ।

यस घटनामा एक बालिका समेत तीन जना महिलाहरुलाई सुरक्षाकर्मीले चलाएको गोली लागि मृत्यू भएको देखिन आएकोले नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ मा उल्लेख भएका बाँच्न पाउने हक, नागरिक अधिकार ऐन, २०१२ को दफा १२ मा उल्लेख भएको व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता सम्बन्धी हक समेतको हनन् भएको देखिन्छ । यसबाट मानव अधिकार सम्बन्धि बिश्वव्यापी घोषणापत्र १९४८ को धारा ३ तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ मा उल्लेखित जीवनको अधिकार, त्यसै बालअधिकार सम्बन्धि महासन्धी १९८९ को धारा ३७ मा भएको व्यवस्था समेतको हनन् भएको देखिन्छ ।

## ५. सिफारिस

**प्राप्त तथ्यहरुको विश्लेषणको आधारमा नेपाल सरकारलाई निम्न सिफारिस गरिएको छ :**

१) घटनामा एकजना बालिका (चन्द्रकला बिक) र दुईजना महिलाहरु (देवीसरा बिक र अमृता बिक) मारिएका र निजहरुलाई नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना रहँदारहँदै अत्याधिक बल प्रयोग गरी गोली चलाउन आदेश दिने नेपाली सेना ज्वालादल गण, ठाकुरद्वारा बर्दियाबाट खटिई गएका उपसेनानी सुवोध कुवँर लगायत अन्य सेनाका संलग्न व्यक्तिहरुको पहिचान गरी नियमित अदालतमा फौजदारी मुद्धा चलाउन साथै घटनासँग सम्बन्धित सबुत प्रमाणहरु हेरफेर गर्ने व्यक्तिहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न ।

२) मृतकहरुका कानून बमोजिमका हकवालाहरुलाई क्षतिपूर्ति स्वरुप राष्ट्रिय मानव अधिकार आयोग उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ बमोजिम जनही रु. तीन लाख उपलब्ध गराउन ।

३) मृतकका बालबालिकाहरुलाई राज्यको तर्फबाट निःशुल्क शिक्षाको व्यवस्था गर्न ।

४) मृतकहरुका परिवारको आर्थिक अवस्था कमजोर भएका कारण दैनिक जीविकोपार्जनको लागि काउलोको रुखको बोक्रा काट्न गएको अवस्थामा मृत्यु भएको देखिँदा त्यस क्षेत्रका दलित समुदाय लगायत स्थानीयवासीहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन नेपाल सरकारबाट सरोकारवाला निकायहरुसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरु सञ्चालन गर्न ।

५) राष्ट्रिय निकुञ्जको क्षेत्रमा यस प्रकारका घटनाहरु दोहोरिन नदिन सम्पूर्ण राष्ट्रिय निकुञ्जहरुसँग सम्बन्धित जनशक्तिलाई मानव अधिकार संरक्षण सम्बन्धी तालीमको व्यवस्था गर्न ।